# स्थानीय राजपत्र

**झापा, १ नं प्रदेश नेपाल**

कचनकवल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ३) झापा, १ नं प्रदेश, नेपाल, भाद्र १२ गते २०७७ साल ( संख्या १

## भाग १

**कचनकवल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम कचनकवल गाउँपालिकाको सभाले स्वीकृत गरि जारी गरेको तल लेखिए वमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## संवत् कचनकवल पर्यटन तथा मत्स्य विकास परियोजना संचालन कार्यविधि २०७७

## कचनकवल पर्यटन तथा मत्स्य विकास परियोजना संचालन कार्यविधि २०७७

गाउँ कार्यपालिकाबाट पारित मिति- २०७७।०५।१२

प्रस्तावना :-

कचनकवल गाउँपालिका झापा जिल्लाका १५ (पन्ध्र) वटा स्थानिय तह मध्येकै एक विकट तथा भौगोलिक अवस्थामा हेर्दा पुर्व पट्टी मेची नदिको सिमाना साथै दक्षिण तर्फ खुल्ला भारतिय नाकामा रहेको स्थानिय तह जुन विकासका सुचाङ्कहरुमा निर्माणधिन अवस्थमा छन् । गाउँपालिकाको आन्तरीक आम्दानी निकै न्यून रहेको बेला कचनकवलमा रहेका पोखरीहरुलाई व्यवस्थित गरी आन्तरिक तथा वाह्य पर्यटक भित्र्याउन र माछामा गाउँपालिका, जिल्ला र प्रदेशलाई आत्मनिर्भर वनाई विषादीमुक्त स्वस्थ्य समाज तथा समृद्ध पालिका बनाउने उद्देश्यका साथ गा. पा. आफैले संचालन गर्ने गरी कचनकवल मत्स्य विकास परियोजना मार्फत आन्तरिक आम्दानी बढाई देश भित्रका युवा शक्तिलाई स्वदेशमै रोजगारी सृजना गरि बिदेशिनबाट रोक्न यसै परियोजना अर्न्तगतका विभिन्न कार्यक्रममा सहभागी बनाउने गरी कचनकवल मत्स्य विकास परियोजना संचालन र व्यवस्थापन गर्न सकिन्छ भन्ने अभिप्रायले यो कार्यविधि तयार पारिएको छ ।

### परिच्छेद -१

### प्रारम्भीक

१) **संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम "कचनकवल मत्स्य विकास परियोजना संचालन तथा व्यवस्थापन कार्यविधि २०७६" रहनेछ ।

ख) यस कार्यविधि गाउँकार्यपालिकाले अनुमोदन गरेको मितिबाट लागु हुनेछ ।

२) कार्यविधि लागु हुने क्षेत्र :

क) यो कार्यविधि कचनकवल गाउँपालिका क्षेत्र भित्र लागु हुने छ ।

३) परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

क) **स्थानिय तह भन्नाले :-** कचनकवल गाउँपालिका जनाउने छ ।

ख) **वडा भन्नाले :-** कचनकवल गाउँपालिका भित्र रहेका ७ वटा वडा कार्यालय र सो को सम्बन्धित भूगोल क्षेत्रलाई जनाउने छ ।

ग) **कार्यविधि भन्नाले :-** कचनकवल मत्स्य विकास परियोजना संचालन तथा व्यवस्थापन कार्यविधि २०७७ लाई जनाउने छ ।

घ) **संचालक समिति भन्नाले :-** कचनकवल मत्स्य विकास परियोजना संचालन गर्न गाउँपालिकाले बनाएको समितिलाई जनाउने छ ।

ङ) फोकल पर्सन (श्रोत व्यक्ति) भन्नाले परियोजना संचालन अवधि भित्र सम्पूर्ण कार्यको प्रवक्ता सम्झनु पर्दछ ।

च) **कृषि विकास समिति भन्नले :-** गाउँपालिका स्तरीय कृषि विकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि अनुसार स्थानीय तहको दुवै कृषि तथा पशु विकास सम्बन्धी नीति, नियम, स्थानीय कानून तथा अन्य विषयमा गाउँपालिकालाई सल्लाह तथा परामर्श दिन बनाईएको समितिलाई जनाउने छ ।

छ) **उप-समिति भन्नाले :-** परियोजना संचालन गर्ने क्रममा विभिन्न समय, अवस्था र आवश्यकता अनुसार कार्य सञ्चालन गर्न गठित उप-समितिलाई जनाउने छ ।

ज) **अनुगमन कार्य भन्नाले** :- मत्स्य विकास परियोजना संचालन हुँदा समिति र उप-समिति तथा अन्य कर्मचारीले सम्पादन गरेको कार्यलाई गरिने निरिक्षण तथा अनुगमन कार्यलाई जनाउछ ।

ञ) **खरिद समिति भन्नाले :-** गाँउपालिकाले नियम अनुसार परियोजनासँग सम्बन्धीत सामाग्री तथा वस्तु खरिद गर्न बनाईएको गाउँपालिकाको सार्वजनिक खरिद समितिलाई जनाउनेछ ।

ट) **दाना भन्नाले :-** माछाको लागी चाहिने च्याँख्ला, चोकर, व्रान , पिना आहारालाई जनाउने छ ।

ठ) **कर्मचारी भन्नाले :-** परियोजना सञ्चालन गर्दा फिल्ड तथा कार्यालयमा आवश्यकता अनुसार खटिने कर्माचारीलाई जनाउने छ ।

ड) **विषय विज्ञ तथा सल्लाकार समिति भन्नाले** :-मत्स्य विकाश परियोजना सञ्चालन गर्दा चाहिने विषय विज्ञ तथा सल्लाहकार सम्झनु पर्ने छ ।

ढ) **बजारिकरण भन्नाले :-** कचनकवल मत्स्य विकास परियोजनाबाट उत्पादित माछा बिक्री वितरण सहज गर्नको लागी सहुलियत दरमा पसल संचालन तथा माछाजन्य परिकार विक्रीका लागि स्थापित होटल वा स्टललाई जनाउनेछ ।

ण) **कोटेशन/टेण्डर भन्नाले :-** सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम आपुर्तिकर्ताले आफ्नो बस्तुहरु के-कस्तो मूल्यमा उपलब्ध गराउन सक्छ भनि व्यक्ति वा संस्थालाई पेश गर्ने कागज अथवा आफ्नो सामनको मूल्य सुची खाम बन्दी गरि तोकिएको समयमा पेश भई कम मूल्यमा सप्लाई गर्ने प्रक्रियालाई जनाउने छ ।

त) **औषधि उपचार भन्नाले :-** कचनकवल मत्स्य विकास परियोजना संचालन गर्दा माछालाई चाहिने आवश्यक उपचार तथा औषधिलाई जनाउने छ ।

थ) **तालिम, गोष्ठि, भ्रमण भन्नाले :-** कचनकवल मत्स्य विकास परियोजना अन्तर्गतका कर्मचारी /समिति/उप-समिति/सदस्यलाई प्रदान गरिने तालिम, गोष्ठि, भ्रमण आदिलाई जनाउने छ ।

द) **बीमा भन्नाले :-** कचनकवल मत्स्य विकास परियोजनाले संचालन गरेको माछा पालनमा संभावित हानी, नोक्सानी कम गर्न तथा परियोजना प्रवर्द्धन गर्न माछालाई गरीने बीमालाई जनाउने छ ।

४) कार्यविधिको उद्देश्य :- यस परियोजना सफल गरी लक्ष्य हासिल गर्न तपशिलका उद्देश्य रहने छन् ।

क) गाउँपालिका भित्र रहेका विभिन्न पोखरीहरुलाई व्यवस्थित गरी पोखरीमा आवश्यक भौतिक पूर्वाधारहरु निर्माण गरी पर्यटनको भरपूर उपभोग हुने ।

ख) परियोजना अवधि भित्र सम्पूर्ण समिति, उप-समिति, कर्मचारी, बिषय विज्ञ, सल्लाहकार आदिको आ-आफ्नो काम, कर्तव्य र अधिकार प्रत्यायोजन गर्न सजिलो हुने ।

ग) उत्पादन र उत्पादकत्व वृद्धि गरि माछामा आत्म निर्भर भई आयत रोकि निर्यात मार्फत स्वरोजगार श्रृजना गर्ने ।

घ) यस गाउँपालिका भित्रका माछा कृषकलाई ब्यावसायीकता तर्फ उन्मुख गराउने तथा दीगो व्यावसायमा रुपान्तारण गर्ने ।

ङ) कार्यक्रममा पारदर्शीता तथा मित्व्ययीता राख्न मद्दत गर्ने, आदि ।

## परिच्छेद -२

## संचालक समितिको संरचना, काम, कर्तव्य र अधिकार

कचनकवल गाँउ कार्यपालिका बनियानी - झापाको दिर्घकालीन योजना तथा र महत्वपूर्ण मध्येको एक परियोजना भएका कारण यसलाई अति पारदर्शी सवल सफल पार्नको लागी काम, कर्तब्य र पुर्ण अधिकार सहितको संचालन समिति तपशिल बमोजीमको हुनेछ ।

तपशिल

१. परियोजना प्रमुख :- संयोजक (गा.पा.ले तोके बमोजिम अधिकृत स्तरको कर्मचारी)

२. आ.ले.प. शाखा :- सदस्य

३. कृषि शाखा :- सदस्य (संयोजकले तोके बमोजिम)

४. प्रशासन सहायक :- प्र. प्र. अ. ले तोकेको सहायक कर्मचारी

५. प्राविधक सहायक कर्मचारी :- सदस्य (समितिले तोके वमोजिम)

६. पशु शाखा :-सदस्य सचिव

संचालक समितिको काम, कर्तव्य र अधिकार :-

क) समितिले प्रत्येक महिनाको कम्तिमा एक पटक नियमीत समिति बैठक बस्नु पर्नेछ ।

ख) परियोजनाका संयोजकले तोके बमोजिमको कार्य तालिका बनाई सम्पूण सदस्यहरु र परियोजना संग सम्बन्धित कर्मचारी हरुले सहकार्य गरी कार्य गर्ने र गराउनेछ ।

ग) संचालक समितिका सदस्यहरु सवैजनाले आआफ्नो जिम्मेवारीमा आएको काम आपसी समन्वय र सहकार्य गरी सम्पन्न गर्नुपर्ने छ ।

घ) कचनकवल मत्स्य विकास परियोजनालाई आवश्यक पर्ने करार सेवाका कर्मचारी लागी समितिको बैठक बसी गाउँपालिकासंग माग गर्ने । करार सेवाको कर्मचारीको सेवा नविकरण गर्दा संचालक समिति बाट सिफारीस गर्ने।

ङ) आवश्यकता अनुसार बिषय बिज्ञ र प्राबिधिक प्रयोग गरि माछाको परिक्षण गर्ने ।

च) परियोजनालाई चाहिने रकम समितिको बैठक बाट निर्णय गरि गाउँपालिका संग माग गर्ने ।

छ) परियोजनामा कार्यरत कर्मचारी मध्ये कसैले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा नोक्सानी पु¥याएमा तथा निजको कार्यसम्पादन सन्तोषजनक नदेखिएमा संचालक समितिको पूर्ण बैठक बसी कार्यपालिकामा निजको सेवा नविकरण नगरी अर्को कर्मचारी माग गर्न सिफारीस गर्ने ।

ज) कचनकवल मत्स्य विकास परियोजनाको जिन्सी विवरण तथा खर्च भएको रकम हिसाव किताबको लागी उक्त व्यक्तिलाई जिम्मेवारी दिनुपर्ने छ ।

झ) कचनकवल मत्स्य विकास परियोजनालाई सञ्चालन गर्दा आवश्यक पर्ने भौतिक संरचना निमार्ण,मर्मत र खरिदको लागी प्राविधिक इस्टीमेट बनाई संचालन समितिले गा. पा. को नियम बमोजिम कार्य गर्ने, गराउने तथा मुल्यांकनका आधारमा भुक्तानीको लागी गाउँपालिकामा सिफारीस गर्ने ।

ञ) कचनकवल मत्स्य विकास परियोजनामा चाहिने सबैखाले सरसामग्री औषधी, उपचार तथा अन्य सामान खरिद, सार्वजनीक खरिद ऐन तथा नियम (कोटेशन/टेन्डर) बमोजिम संचालक समितिले गा. पा. को नियम बमोजिम कार्य गर्ने ।

ट) परियोजना स्थलमा अथवा पोखरीमा माछा भुरा लगाउदा तथा उत्पादित माछा विक्री गर्दा अनुगमन समिति वा स्थलगत अनुगमन उप-समितिका सदस्यलाई जानकारी दिने वा निजको अनिवार्य उपस्थितीमा गर्नु पर्नेछ ।

## परिच्छेद -३

## सहकार्य समन्वय जिम्मेवारी

कचनकवल गाँउपालिकाले सञ्चालन गर्न लागेका ३ वटा वडा क्रमशः १ नं. वडा घेरावारी, ३ नं. वडा पथरिया (बडो केचना) र ४ नं. वडा केचना मा सञ्चालन हुने पोखरी निमार्ण, अन्य भौतिक सामाग्री पोखरीको डिलमा सुरक्षाका लागी लगाईएका पोल तारबार वडा र गा. पा. सँग समन्वय गरी सञ्चालक समितिले मत्स्य विकाश परियोजना अन्तर्गतका कर्मचारी सँग सहकार्य गरि कार्य सफल बनाउनु पर्ने छ ।

मत्स्य विकाश परियोजनाका कर्मचारीको काम, कर्तव्य र जिम्मेवारी निम्नानुसार छन्ः

क) कचनकवल गा. पा., मत्स्य विकाश परियोजनाको निति निर्देशन अक्षंरस पालना गर्नु पर्ने छ ।

ख) तोकिएको काम समय भित्र सम्पन्न गरि सो को विवरण समितिमा दिनु पर्ने छ ।

ग) जानकारी दिदाँ कार्यलय समयमा सम्बन्धीत व्याक्ति नभएमा फोन म्यासेज वा अन्य सञ्चारका माध्यमबाट जानकारी दिनुपर्ने छ ।

घ) परियोजना अन्तर्गतका कर्मचारीले २४ घण्टा समितिले तयार गरेको कार्य तालिका बमोजिम काम गर्नु पर्ने छ ।

ङ) माछा पोखरी सँग सम्बन्दीत काम डिलका घाँसपात, रुखका हाँगा, झाडी, पोखरी भित्रका पाल कुम्भी, पानी भाँस लहत दैनिक सरसफाई गरि राख्नु पर्नेछ ।

च) समय समयमा आई परेका सम्पुर्ण काम गनुपर्ने छ ।

छ) आवश्यक सामाग्री माछाको चारो औषधि उपचार आदी आँउदा कर्मचारी २४ घण्टा परियोजना स्थलमा रहनु पर्ने छ ।

ज) काम गर्ने क्रममा परियोजना सँग सम्बन्धीत कर्मचारी घाइते, विरामी वा अन्य समस्या भएमा समितिको निर्णय बमोजिमको उपचार खर्च उपलब्ध गरिने छ ।

**परिच्छेद -४**

**समिति, अनुगमन/निर्देशन समिति, उप-समितिको भूमिका**

कचनकवल गाँउपालिका पर्यटन, कृषि र मत्स्य विकाशका लागि परियोजनाको मुख्य अनुगमन/निर्देशन समिति रहने व्यवस्था गरिएको छ । साथै सम्पुर्ण कार्यक्रम सफल बनाउनको लागी परियोजना विभिन्न वडामा सञ्चालन गरिने भएका कारण सम्बधीत वडाका जनप्रतिनिधी सहितको तपशिल वमोजिमको स्थलगत अनुगमन/निर्देशन समिति रहने छ ।

तपशिल:

१. संयोजक :- गा. पा. अध्यक्ष

२. सदस्य :- गा. पा. ले तोकेको सम्बन्धित वडाको वडाध्यक्ष वा सम्वन्धित वडाको प्रतिनिधी

३. सदस्य :- प्रमुख प्रसासकिय अधिकृत

४. सदस्य :- गा. पा. ले तोकेको कार्यपालिका सदस्य

५. सदस्य सचिव :- परियोजना प्रम’ख

स्थलगत अनुगमन/निर्देशन समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार रहने छः

क) मत्स्य विकाश परियोजना सञ्चालनका लागि निर्देशन**,**सल्लाह ,सुझाव दिने ।

ख) परियोजना सँग सम्बन्धीत कामको अनुगमन निर्देशन ।

ग) परियोजना सञ्चालन हुँदा भएका प्रगति तथा कमी कमजोरी गाउँपालिका तथा कार्यपालिकालाई सुझाव र जानकारी दिने ।

**परिच्छेद -५**

**प्राविधिक, विषय बिज्ञ, सल्लाहकार समिति, उप-समितिको पारिश्रमीक सम्वन्धि व्यवस्था**

परियोजना संचालन गर्ने क्रममा विभिन्न समय सन्दर्भ काम काज वा निमार्ण गर्दा सम्बन्धित क्षेत्रका विषय विज्ञ, प्राविधिक, निजी माछा फार्म, औषधि कम्पनीका प्रतिनिधि, माछा पोखरीमा जाल लगाउने स्थानीय जनशक्तिलाई आवश्यकता अनुसार परियोजना बैठक वसी प्रयोग गर्न सकिने छ ।

प्राविधिक, विषय विज्ञ, सल्लाहकारलाई पारिश्रमिक भुक्तानी सम्बन्धी व्यवस्था तपशिल अनुसार हुनेछ ।

तपशिलः

क) प्राविधिक, विषय विज्ञको हकमा सरकारी कार्यालयमा कार्यरत नेपाल सरकारको नियम वमोजीम दैनिक भ्रमण आदेश अनुसार पारिश्रमिक भुक्तानी गर्नुपर्नेछ ।

ख) निजी कार्य सञ्चालक वा कम्पनी प्रा. लि. प्रतिनिधिको हकमा सम्झौता वा डोर हाजिर अनुसार पारिश्रमिक भुक्तानी गरिने छ ।

ग) माछा पोखरी सफाई तथा जाल लगाउने जनशक्तिका लागि दैनिक ज्यालादारी अथवा लागत अनुमान अनुसार कार्य गराई कामको आधारमा भुक्तानी दिइने छ ।

घ) अन्य किसिमका प्राविधिक वा सम्बन्धित व्याक्तिलाई काम लगाउनु पर्ने भएमा माथी उल्लेखित कचनकवल मत्स्य विकाश परियोजना सञ्चालक समिति वा गाउँपालिकाले निर्णय गर्ने छ ।

मत्स्य विकाश परियोजना सञ्चालक समितिलाई कार्यक्रम सञ्चालन गर्नको लागी तपशिलको सुविधा उपलब्ध हुने छ ।

तपशिल:

क) मासिक भत्ता (बैठक भत्ता, मर्मत, इन्धन, खाजा फिल्डमा सञ्चार विविध) एकमुष्ठ गाउँपालिकाले तोके वमोजिम उपलव्ध गराइनेछ ।

ख) परियोजनाको कामले परियोजना स्थल बाहिर तथा अन्य जिल्लाको हकमा प्रचलित नियम अनुसार दैनिक भ्रमण भत्ता उपलव्ध गराइनेछ ।

**परिच्छेद -६**

**तालिम, गोष्ठी, भ्रमण वा माछा विक्री केन्द्र होटल परिकार स्टल बजारिकरण**

परियोजना कार्यरत कर्मचारी, सञ्चालक समिति, उप-समिति सदस्यलाई माछा सम्बन्धी तालिम, गोष्ठि, अन्तर जिल्ला मत्स्य विकाश सम्बन्धी भ्रमण आदि व्यावस्थापन गर्नु पर्ने छ ।

तालिम गोष्ठी भ्रमणका उपलब्धी तपशिल बमोजिम हुनेछन् ।

तपशिल

क) माछा पालन सम्बन्धी नया प्रविधि सँग जोड्ने ।

ख) समसामयिक समस्या पहिचान गरि समस्याको समाधान गर्ने ।

ग) प्रयोगात्मक शिक्षाको माध्यम बाट आफुमा परिर्वतन गरि व्यावसाय सफल पार्ने ।

घ) माछा पालनबाट हुने कृषकको आर्थिक उन्नती मार्फत स्थानीय स्तरमानै स्वारोजगार श्रृजना गर्ने ।

परियोजना सञ्चालन पश्चात उत्पादित माछा विक्री वितरण गरि गाँउपालिका लाई आत्मनिर्भर बनाउन तपशिलका काम गर्न सकिनेछ ।

तपशिल

क) उत्पादित माछा सफा ताजा, सहज सरल सस्तो मुल्यमा ठाउँ ठाँउमा विक्री वितरण केन्द्र सञ्चालन गर्ने ।

ख) कचनकवल गाउँपालिका भित्रका मुख्य ब्यापारीक केन्द्र सँगै नेपालकै होचो भुभागमा (केचना स्तम्भ) पर्यटकलाई विषेश ध्यानमा राखी स्तम्भक्षेत्र भित्रै माछाजन्य परिकारका होटल, रेस्टुरेन्ट, फिस कर्नर सञ्चालन गर्ने ।

ग) माछा पालन व्यावसाय सफल बनाई यस क्षेत्रका कृषकलाई माछा पालन तर्फ आर्कषण बढाई भविष्यमा सिङ्गै गा. पा. लाई माछा जोन क्षेत्र बनाउन पहल गर्ने ।

घ) हाल गाउँपालिका क्षेत्र भित्र सञ्चालित साप्ताहिक बजारमा आउने भारतीय प्याकिङ्ग (केमिकल) सहितको माछाको आयात रोकी यहा उत्पादित ताजा स्वच्छ माछाको खपत बडाउँदै विषादीमुक्त माछा विक्री गर्ने गाउँपलिका बनाउने छ ।

## परिच्छेद -७

## भौतिक संरचना निमार्ण मर्मत तथा दाना औषदि खरिद प्रकिया

१. भौतिक संरचना निमार्ण तथा मर्मत गर्नु परेमा प्राविधिक शाखाबाट लागत इष्टिमेट बनाई सोको आधारमा गा. पा. को खरिद पक्रिया बमोजिम कार्यालयबाट सूचना निकाली प्रकिया अगाडी बडाई काम सम्पन्न गर्नु पर्ने छ ।

२.माछाको लागी चाहिने दाना औषधि उपचार, अन्य आवश्यक सामाग्री खरिद गर्नु परेमा प्रचलित सार्वजनीक खरिद ऐन तथा नियमावली (कोटेशन/टेन्डर) बमोजिम संचालक समितिले खरिद गर्ने ।

## परिच्छेद -८

## हानी नोक्सानी चोरी

कचनकवल मत्स्य विकाश परियोजनामा सबै भन्दा महत्वपर्ण मानिएको पक्ष परियोजना चलिरहँदा परियोजना स्थलमा भएका कुनै भौतिक सामाग्री तथा पोखरी भित्रका माछा वा अन्य सम्पत्तिको हकमा कर्मचारीले काम गर्दा नियती राखेर वा लापरवाहीका कारण हुन गएको हानी नोक्सानी क्षती तथा बाहिर अन्य पक्षबाट कुनै किसिमको

विषादी माछा चोरी, निमार्ण समाग्री नष्ट वा क्षती गरेको जानकारी चौकीदार, स्थानीय वासिन्दा तथा सि. सि. क्यामेरा फुटेजबाट प्रमाणीत भएको खण्डमा स्थानीय सरकारको नियम अनुसार कारवाही गर्ने ।

**परिच्छेद -९**

**अन्य विविध**

१. प्रचलित कानुन लागु हुनेः कार्यक्रम कार्यन्वयनको सम्बन्धमा यस कार्य विधीमा उल्लेख भए वमोजीम गरिने छ। उल्लेख नभएको कुराको हकमा प्रचलित कानुन बमोजीम हुने छ।

क) वाधा अड्चन फुकाउः यस कार्यविधी कार्यन्वयनको सन्दर्भमा गाउँपालिकाले आवश्यक निर्णय लिन सक्ने छ ।

ख) अन्तिम निणर्यः कार्यविधी कार्यन्वयनमा वाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा गाउँपालिकाको निणर्य अन्तिम हुने छ।

ग) खारेजी वा संशोधनः कार्यविधीलाई आवश्यकता अनुसार गाउँपालिकाले खारेजी वा संशोधन गर्न सक्ने छ।

घ) कार्यविधिको अन्तिम व्याख्याकार : यो कार्यविधीको अन्तिम व्याख्याकार कचनकवल गाउँपालिका हुने छ।

आज्ञाले,
कुमार बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय राजपत्र